श्री सु.प्र.अ.सा.
बोधार्थ दिएका कार्यालयहरुमा mail गर्ने, कार्यालयको website र facebook मा अपलोड गर्नुहोला।
९।१८

यशोधरा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
बैदौली, कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्या :-२०७७/७८
चलानी नम्वर :- ८६६

मिति : २०७७।०९।१७

---

श्री प्रबन्धक ज्यू
सिद्धार्थ बैक लिमिटेड यशोधरा शाखा
मर्यादपुर,कपिलवस्तु

विषय : सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको खाता सम्बन्धमा ।

प्रस्तुत विषयमा तहाँ बैकं र यस पालिका बीच मिति २०७७।०४।१४ मा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको बैकं मार्फत भुक्तानी गर्न खाता खोल्ने सम्बन्धी सम्झौता भएको र मिति २०७७ ०७।२१गते वडा नं. ४,५,६,७,८ अन्तर्गतका सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको बिवरण त्यस बैकंलाई पठाई सकेको व्यहोरा अवगतै होला । मिति २०७७।०८।२५ गते यस पालिका र बैक वीच बसेको बैठकबाट वडा नं. ४ परसोहिया र वडा नं. ७ सोमडीह अन्तर्गत सामाजिक सुरक्ष प्राप्त लाभग्राहीहरुको मिति २०७७ मंसीर मसान्त भित्र दुई वटा बडाको बैकं खाता यस पालिकालाई उपलब्ध गराउने सहमति भएको हुदाँ उक्त समय अवधी भित्र खाता नखुलेकाले मिति २०७७।०९।०६ गते ५ दिन भित्र उपरोक्त २ वडाको बैकं खाता खोली यस पालिकालाई खाता समेतको बिवरण उपलब्ध गराउने गरी पत्राचार गर्दा समेत बिवरण प्राप्त नभए पछि मिति २०७७।०९।१३ गते पुनः ताकेता गरिएकोमा मिति २०७७।०९।१६ गते वडा नं.४ परसोहियाको मात्र खाता खोलि यस पालिकालाई बिवरण प्राप्त भएको छ । त्यस बैकं संग भएको सम्झौता अनुसार तहाँ बैकले सामाजिक सुरक्षा प्राप्त लाभग्राहीहरुको खाता नखोलि दिदा लाभग्राहीहरुले समयमा भत्ता प्राप्त गर्न बाट बन्चित भएकोले मिति २०७७।०९।१९ गते सम्म अनिवार्य रुपमा थप १ वटा वडाको बिवरण उपलब्ध गराईदिनु हुन जानकारी गराईन्छ ।उक्त अवधी भित्र पनि बिवरण उपलब्ध नभएमा बैकंले असहयोग गरेको पुष्टि हुने हुदाँ सम्बन्धित तालुक निकायमा सोही व्यहोरा पत्राचार गर्न यस गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बाध्य हुने व्यहोरा समेत जानकारी गराईन्छ ।

.............
९।१८
निराजन राज लम्साल
निमित्त प्रमुख प्रशासकीय अधिकृत

नि. प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ
श्री संघीय मामिला तथा सामान्य मन्त्रालय ,सिहंदरबार काठमाण्डौ
श्री महालेखा नियन्त्रक कार्यालय ,अनामनगर काठमाण्डौ
श्री राष्ट्रिय परिचय पत्र तथा पंजकिरण विभाग , सिहंदरबार काठमाण्डौ
श्री जिल्ला प्रशासन कार्यालय,कपिलवस्तु
श्री कोष तथा लेखा नियन्त्रक कार्यालय ,कपिलवस्तु
श्री गिरजेश कुमार पाण्डेय ,गा.पा. अध्यक्ष
श्री सिद्धार्थ बैकं लिमिटेड,हातिसार काठमाण्डौ